FIFA WORLD CUP RUSSIA 2018




# पोर्चुगल अन्तिम १६ मा पुग्ने तरखरमा



पोर्चुगल १। मोरोक्को ०
क्रिस्टियानो रोनाल्डो ४'

मस्को, (एजेन्सी)

क्रिस्टियानो रोनाल्डोले शुरूआतमै गरेको गोल निर्णायक साबित भएपछि पोर्चुगलले समूह बी मा पहिलो जित हात पारेको छ।

रुसमा जारी विश्वकपअन्तर्गत बुधबार लुजनीकी स्टेडियममा भएको खेलमा पोर्चुगलले मोरक्कोलाई १-० ले पराजित गरेको हो। रोनाल्डोले खेलको चौथो मिनेटमा नै उक्त गोल गर्न सफल भएका थिए।

मोरक्कोविरुद्ध गोल गरेसँगै रोनाल्डोले प्रतियोगितामा आफ्नो गोल संख्या ४ पुऱ्याएको छ। गोल्डेन बुटको उपाधि दावेदारतिरसमेत रहेका रोनाल्डोले स्पेनविरुद्धको पहिलो खेलमा ह्याट्रिक पुरा गरेका थिए। रोनाल्डोले जोवा माउटिन्होले प्रहार गरेको कर्नर बललाई हेडमार्फत् गोल गरेका थिए। खेलमा मोरक्कोले गोल फर्काउन भरमग्दुर प्रयास गरे पनि सफल हुन नसकेपछि हार देख्न बाध्य बने।

जितसँगै पोर्चुगलले अन्तिम १६ पुग्ने सम्भावनालाई बलियो बनाएको छ। पोर्चुगलको २ खेलबाट ४ अंक भएको छ। पोर्चुगलले अब समूह चरणको अन्तिम खेलमा इरानसँग खेल्नेछ। उक्त खेलमा जित हात पारे पोर्चुगल अघिल्लो चरण प्रवेश गर्नेछ। लगातार २ खेलमा हार बेहोरेको मोरक्को प्रतियोगिताको समूह चरणबाटै बाहिरिएको छ। जारी विश्वकपबाट बाहिरिनेमा मोरक्को पहिलो टोली बनेको छ। मोरक्को पहिलो खेलमा इरानसँग १-० ले पराजित भएको थियो।

- रोनाल्डो ८५ गोलसँगै अन्तर्राष्ट्रिय फुटबलमा सदाबहार गोलकर्ताको सूचीमा दोस्रो स्थानमा रहेका छन्।
- उनी गोलकर्ताको सूचीका शीर्ष खेलाडी इरानका अली दाइपछि दोस्रो स्थानमा रहेका छन्।

## उरुग्वे नकआउट चरणमा

मस्को, (एजेन्सी)

दुई पटकको विश्व विजेता उरुग्वेले रुसमा जारी विश्वकपको नकआउट चरणमा स्थान सुरक्षित गरेको छ।

बुधबार राति भएको खेलमा लुइस सुआरेजको एक गोल नै उरुग्वेका लागि जित हात पार्न पर्याप्त भएको थियो। उनको निर्णायक गोलमा उरुग्वेले साउदी अरेबियालाई १-० गोलअन्तरले हराएको थियो। सुआरेज तीन विश्वकपमा गोल गर्ने पहिलो उरुग्वेली खेलाडीसमेत बनेका छन्। यो उनको राष्ट्रका लागि १ सयौं खेल पनि हो।

सुआरेजले २२औं मिनेटमा गोल गरेका थिए। कर्नर बल क्लियर गर्न आएका साउदी गोलकिपर मोहम्मद अलोवाइस अगाडि बढेका थिए। तर, बल उनले क्लियर गर्न सकेन र सुआरेजको खुट्टामा बल ड्रप भएको थियो। उनले करिब ६ यार्डबाट गोल गरेका थिए।

रुस र उरुग्वे ६-६ अंकका साथ समूह चरण पार गरेका छन्। रुसले १९८६ पछि पहिलोपटक नकआउट चरणमा स्थान बनाएको छ। त्यस्तै उरुग्वेले गत विश्वकपको निरासालाई मेटाएको छ। अन्य दुई टोली इजिप्ट र साउदी अरेबिया अंकविहीन बने। यी दुई र मोरोक्को गरी तीन टोली अन्तिम खेल खेल्नुअघि नै प्रतियोगिताको पहिलो चरणबाटै बाहिरिएका छन्।



## प्लेयर्स टु वाच

### लियोनेल मेसी

(अर्जेन्टिना)

पाँच पटकका फिफा प्लेयर अफ दी इयर र बालोन दे ओर अवार्ड विजेता लियोनेल मेसीले जारी विश्वकपको पहिलो खेलमा पेनाल्टीलाई गोलमा परिणत गर्न सकेन। जसका कारण समूहमा कमजोर मानिएको आइसल्यान्डसँग अंक बाँड्नुपरेको थियो। उक्त पेनाल्टीलाई गोलमा परिणत गर्न नसकेपछि उनको आलोचनासमेत भएको थियो। अहिले अर्जेन्टिनी टिमको संरचनालाई हेर्ने हो भने यो टिम मेसीमा बढी निर्भर भएको देखिन्छ। अन्तिम १६ मा स्थान बनाउन क्रोएसियाविरुद्धको खेल महत्त्वपूर्ण बनेको बेला मेसीले दुई प्रदर्शन गर्छन् कि भन्ने अनुमान गरिएको छ। मेसीले सन् २००५ मा अर्जेन्टिनाको राष्ट्रिय टिममा डेब्यु गरेका थिए। यस क्रममा उनले राष्ट्रिय टिमका लागि १ सय २४ म्याचमा ६४ गोल गरेका छन्। उनी अर्जेन्टिनाका सर्वाधिक अन्तर्राष्ट्रिय गोलकर्तासमेत हुन्।






## टिट्स बिट्स

### नेयमारको गर्लफ्रेन्डलाई द्विविधा

मस्को, (एजेन्सी)

ब्राजिलका स्टार फुटबलर नेयमारकी पूर्वगर्लफ्रेन्ड सोर्जा वुसेलिकलाई विश्वकपमा द्विविधामा परेकी छन्। सोर्जाले एक च्यानलमा अन्तर्वातामा दिने क्रममा भनिन् कि ब्राजिललाई समर्थन गरौं या आफ्नो देश सर्बियाको समर्थन गरुँ।

सोर्जाले बताइन्- 'राष्ट्रभक्ति एकातर्फ, मानवीय नाता अर्कातर्फ। म यस स्थितिमा दुवै देशलाई शुभकामना दिन चाहन्छु।'

उनले थपिन्- 'यसै त म फुटबलको शुरूदेखि नै प्रशंसक हुँ। कोसिस गर्छु कि फाइनल खेल जरुर हेर्छु।'

नेयमारसँग प्लेब्वायको मोडल बनिसकेकी सोर्जाको भेट सन् २०१४ मा भएको थियो। जब नेयमारले उनलाई निजी विमानमार्फत् छुट्टी मनाउन स्पेन लगे तबदेखि उनी संसारको नजरमा परेकी हुन्।



